का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ भदौ २०८०,
बुधबार
13 September 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक २३० । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



## अलबिदा सुवास नेम्वाङ

# नेपाली राजनीतिका 'सुवास'

संविधानसभा अध्यक्षका रुपमा नेपालको संविधान निर्माणमा नेम्वाङले पुऱ्याएको योगदानको उच्च प्रशंसा भएको छ ।

शालिन स्वभावका सुवास नेम्वाङलाई नेताहरुले सर्वस्वीकार्य व्यक्तिका रुपमा श्रद्धा गर्नुको पछाडि उनले संविधान निर्माण गर्न खेलेको समन्वयकारी र नेतृत्वदायी भूमिका मुख्य कारण हो । सात दशक लामो राजनीतिक संघर्षबाट स्थापित संविधानसभाबाट संविधान जारी हुँदा नेम्वाङ अध्यक्ष थिए ।

**चित्रबहादुर केसी**
**अध्यक्ष, राष्ट्रिय जनमोर्चा**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

संविधानसभाका सुवास नेम्वाङको निधन भएको छ । मंगलवार बिहान ९ बजे हृदयघात भएपछि उनलाई त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज पुऱ्याइएको थियो । चिकित्सकहरुले अस्पतालमा पुऱ्याउने वित्तिकै नेम्वाङको निधन भएको घोषणा गरे ।

पूर्वसभामुख समेत रहेका नेम्वाङ २०५६ सालयता इलामबाट लगातार चुनाव जितेर सांसद रहँदै आएका थिए । उनी हाल नेकपा एमाले संसदीय दलको उपनेता समेत थिए । इलामबजार नजिकै सुन्तलाबारमा जन्मिएका नेम्वाङ इलाम क्याम्पसमा पढ्दा अनेरास्ववियुमा लागेर २०२९ सालमा कम्युनिस्ट राजनीतिमा आएका थिए । २०३३ सालमा राजद्रोह मुद्दामा उनी केही समय जेल परेका थिए ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी सुवास नेम्वाङ सिद्धान्तनिष्ठ नेता भएको भन्दै स्मरण गर्छन् । नेम्वाङको पार्थिव शरिरमा श्रद्धाञ्जली अर्पण गर्ने क्रममा एमाले पार्टी केन्द्रीय कार्यलय च्यालसमा केसीले यस्तो बताएका हुन् । नेम्वाङलाई स्मरण गर्दै केसीले भने, 'जो सिद्धान्त निष्ठ छ उसको मृत्यु एकैपटक हुन्छ, धेरै मान्छेको धेरै पटक मृत्यु किन हुन्छ भने राजनीतिक र सैद्धान्तिक रुपमा धेरै पटक चुक्छन् ।'

नेम्वाङमा वास्तवमै सभामुख हुने क्षमता रहेको भन्दै कानुनी, राजनीतिक र सैद्धान्तिक रुपमा पनि क्षमतावान भएको स्मरण गरे ।

## संविधान निर्माणमा स्मरणीय भूमिका

नेम्वाङको निधनले नेपाली राजनीतिक वृत्त स्तब्ध भएको छ । नेम्वाङको निधनप्रति नेपालका सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले दुख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, सभामुख देवराज घिमिरे लगायतले नेम्वाङको निधनले मर्माहत बनाएको बताउँदै श्रद्धाञ्जली अर्पण गरे । मंगलबार दिउँसो ललितपुरको च्यासलस्थित एमाले मुख्यालय प्रांगणमा राखिएको उनको पार्थिव शरीरमा शीर्ष नेताहरुले श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, उपप्रधानमन्त्री, मन्त्रीहरू, विभिन्न राजनीतिक दलका नेताहरू, सांसदहरूले पनि दिवंगत पृष्ठ २ मा

## अपराजित यात्रा

नेम्वाङ नेपालको संसदमा पूजातन्त्र पुर्नबहालीपछि निरन्तर रहेका नेता हुन् । २०४८ र २०५२ सालमा राष्ट्रिय सभाको सदस्य भएका उनी त्यस यता निरन्तर चुनाव जितेर अपराजित रुपमा संसदमा रहे । २०५६ को निर्वाचन जितेर उनी सार्वजनिक लेखा समिति सभापति बनेसँगै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा पर्यटन तथा नागरिक उड्ययन मन्त्री तारिणीदत्त चटौत जोडिएको चर्चित लाउडा कान्ड छानबिन गरेर चर्चामा पृष्ठ २ मा

**पछि हट्यो सरकार**

# निजी विद्यालय गुठीमा नगए पनि हुने

मन्त्रिपरिषदले १६ साउनमा स्वीकृत गरेको विद्यालय विधेयकमा निजी विद्यालयलाई गुठीमा लैजाने प्रस्ताव थियो । निजी विद्यालयले विरोध र आन्दोलनको घोषणा गरेपछि सरकार पछि हटेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

निजी विद्यालयलाई गुठीमा लैजाने तयारीबाट सरकार पछि हटेको छ । विगतमा गुठीमा जाने गरी ल्याएको विधेयकउपर आन्दोलन गर्ने चेतावनीपछि सरकार पछि हटेको हो । विद्यालय संचालहरुको आन्दोलनबाट पछि हट्दै सरकारले यसअघिको प्रस्तावमा परिमार्जन गरेको छ । प्रस्तावित विधेयक अनुसार गुठीमा जान चाहनेलाई जान दिने र कम्पनीमा रहनेलाई कम्पनीमै रहन पाउने प्रावधान राखिएको छ ।

'गुठीमा जाने विषयलाई स्वेच्छिक गरिएको छ । दुवै अप्सन खुला रहन्छ' शिक्षा मन्त्रालयका प्रवक्ता दिपक शर्माले भने ।

मन्त्रिपरिषदले १६ साउनमा स्वीकृत गरेको पृष्ठ २ मा



गुठीमा जाने विषयलाई स्वेच्छिक गरिएको छ । दुवै अप्सन खुला रहन्छ ।

**दीपक शर्मा**
**प्रवक्ता, शिक्षा मन्त्रालय**




## एसईई खारेजको प्रस्ताव

प्रस्तावित विधेयकअनुसार कानुन बने माध्यमिक शिक्षा परीक्षा एसईई खारेज हुनेछ । मन्त्रिपरिषद्ले स्वीकृत गरेको विद्यालय शिक्षासम्बन्धी विधेयकमा एसईईलाई राखिएको छैन । अब विद्यालय तहको अन्तिम परीक्षा १२ को हुनेछ ।

८ को र १० को परीक्षा स्थानीय तहबाट लिइनेछ । १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले गर्ने भनिएको छ ।

मन्त्रालयका अधिकारीहरुका अनुसार शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालय ब्यूँताउने प्रस्ताव गरिएको छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष अभिभावकमध्येबाट हुने प्रस्ताव विधेयकमा गरिएको छ । बि.स. १९९० सालमा नेपालमा पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कामदारको हितमा काम गर्न राजदूतहरुलाई प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं/रासस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशस्थित नेपाली दूतावासका राजदूतलाई नेपाली श्रमिक तथा कामदारको हितलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार आयोजित श्रम आप्रवासनसम्बन्धी समस्या र तिनको समाधानसम्बन्धी अन्तरक्रियामा उनले विदेशमा रहेका नेपाली कामदारले अनेकन समस्या झेल्नुपरेकामा ध्यानाकर्षण गराउँदै उक्त निर्देशन दिएका हुन् ।

सरकारले पहिलो पटक विदेशस्थित नेपाली राजदूतलाई बोलाएर नेपाली श्रमिक तथा कामदारले भोग्नुपरेका समस्या र कठिनाइबारे छलफल गरेको हो । कार्यक्रममा राजदूतहरूले आफ्नो रिपोर्टका साथै आगामी कार्ययोजनासमेत प्रस्तुत गरेका थिए । प्रधानमन्त्री दाहालले अन्तरक्रियामा राजदूतले उठाएका विषय सम्बोधन गर्दै निर्देशन दिएका हुन् । सम्बोधनमा प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध, नेपालको



पर्यटन प्रवर्द्धन र विदेशमा कार्यरत नेपाली श्रमिकको हितलाई केन्द्रमा राखेर काम गर्न जोड दिए । प्रधानमन्त्री दाहालले भने, 'नेपाली श्रमिक तथा कामदारको सुरक्षित र मर्यादित आप्रवासनमा यस प्रकारको छलफलले महत्वपूर्ण योगदान गर्ने मैले विश्वास लिएको छु ।' पछिल्लो समय आन्तरिक रोजगारीमा देखापरेको पृष्ठ २ मा

## मलेसिया र क्यानडा पठाइदिन्छु भन्दै ठग्नेहरु पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि मलेसिया र क्यानडा पठाइदिन्छु भन्दै लाखौं रकम ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको प्रहरी टोलीले काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा नुवाकोटको सूर्यगढी गाउँपालिका-२ घर भइ हाल टोखा नगरपालिका-१० पृष्ठ २ मा

# मलद्वारमा राखेर सुन तस्करी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

मलद्वारमा राखेर सुन तस्करी गर्ने प्रयास भएको छ । दुबईबाट आएका बाबुलाल दोङ सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरबाट पक्राउ परे । जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले पक्रेर चेकजाँच गर्दा मलद्वारमा राखेर ल्याएको अवस्थामा करिब एक किलो सुन फेला परेको हो ।

काभ्रेको खानीखोला गाउँपालिका-३ घर भएका बाबुलालको साथबाट ९ सय ६० ग्राम सुन बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी कुमोध ढुंगेलले बताए । २८ वर्षीय बाबुलालले अहिलेसम्म ५ पटक दुबई गएर सुन ल्याएको बयान दिएका छन् । पाँचै पटक मलद्वारमा राखेर सुन ल्याएको र करिब पाँच किलो भित्र्याएको बयान आरोपित ढुंगेलले प्रहरीलाई दिएका छन् ।

बाबुलाललाई काभ्रेको रोशी गाउँपालिका-३ घट्टेखोला घर भएका जगत लामाको समूहले सुन तस्करी गर्न भरियाको रुपमा परिचालन गरेको खुलेको छ । अनुसन्धानमा संलग्न प्रहरी अधिकृतका अनुसार जगत लामाको समूहले ६ जना युवाहरूलाई प्रयोग गरेर दुबईबाट सुन ल्याउँछन् । ३३ वर्षीय जगतलाई प्रहरीले काठमाडौँको ढल्कुबाट पक्राउ गरेको हो ।

तस्करीमा संलग्न आरोपमा काभ्रेको महाभारत गाउँपालिका-३ घर भएका ३६ वर्षीय मिङमा दोर्जे स्याङतानलाई पनि प्रहरीले पक्राउ गरेको छ । बरामद सुनसहित ३ जना आरोपितलाई कारवाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा बुझाएको एसपी ढुंगेलले जानकारी दिए ।

हङकङबाट तस्करी गरेर ल्याएको ६० किलो ७ सय १६ ग्राम सुनबारे अनुसन्धान जारी रहँदा समेत दुबईबाट सो समूहले लगातार सुन ल्याइरहेको भेटिएको हो । प्रहरीका अनुसार जगत लामाको समूहले सुन लिन जाने युवाहरूलाई आवत-जावत खर्च ब्यहोरेर ५० पृष्ठ २ मा

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्दै बिन्ति गरुन झुकेर पदमा, त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति:
वि.स. २००९/११/२८



स्वर्गारोहण:
वि.स. २०८०/०५/२६

स्व. सुभासचन्द्र नेम्वाङ

संविधानसभाका अध्यक्ष, पूर्वसभामुख एवम् नेकपा एमालेका केन्द्रीय उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको मिति २०८० भदौ २६ गते मंगलबार बिहान हृदयघातबाट निधन भएको खबरले मर्माहत भएका छौं । नेम्वाङको निधनबाट मुलुक र नेपाली राजनीतिले एक कुशल र सर्वस्वीकार्य नेता गुमाएको छ । यस दुखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै मृत आत्माको चिरशान्तिको कामना गर्दछौ ।

दिनेश राई
प्रबन्ध निर्देशक
तथा
डाईमन्ड स्टार ओभरसिज प्रा.लि., परिवार
बुद्धनगर, काठमाडौं

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# पूर्वमन्त्री प्रभु साहसहित पाँच जनाविरुद्ध गाली बेइज्जती मुद्दा

**कृष्ण तिवारी / मध्यान्ह**
रौतहट, २६ भदौ

आम जनता पार्टीका अध्यक्ष एवं पूर्व मन्त्री रौतहट निर्वाचन क्षेत्र नं ३ का सांसद प्रभु साहसहित पाँच जना नेताविरुद्ध जिल्ला अदालत रौतहटमा मुद्दा दायर भएको छ ।

जनता समाजवादी पार्टी नेपाल रौतहटका एक नेताले आजपा अध्यक्ष साहसहित सोही पार्टीका नेता उपेन्द्र साह, अमर साह, चन्देश्वर साह र चन्द्रभुषण साहमाथि गाली बेइज्जतीको मुद्दा दायर गरेका हुन् ।

साहको निर्देशनमा केही दिन अघि उक्त विपक्षीहरुले आफुलाइ घेराहाली हातपात गर्नुको साथै गाली बेइज्जत गरी आफ्नो मान मर्यादा र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेको भन्दै जनता समाजवादी पार्टी नेपाल रौतहटको जिल्ला कार्यकारिणी समिति सदस्य तथा समाजवादी युवा संघ रौतहटका इन्चार्ज सन्जीव कुमार यादवले मंगलबार उनीहरुविरुद्ध गाली बेइज्जतीको मुद्दा दर्ता



गराएका हुन् ।

जाहेरीमा भनिएको छ,'गत साउन ६ गते चन्द्रनिगाहपुरमा आयोजित पार्टीको कार्यक्रममा सहभागी भइ आफ्नो घर गरुडा नगरपालिका-१ जयनगर फर्किंदै गरेको अवस्थामा सोही दिन बेलुका ४,५ बजेको समयमा गरुडास्थित श्रीराम सुगर मिल्सको पश्चिम तर्फको बाटोमा विपक्षीहरुले पूर्व योजना बमोजिम मानहानी गर्ने उद्देश्यले चारै तिरबाट घेराहाली भाग्न उम्कन नदिइ कुटपिट गर्दै दुर्व्यवहार गरियो ।'

आफु सवार मोटरसाइकल नियन्त्रणमा लिएर उनीहरुले विना कारण लछारपछार गरी सामान्य हातपात गर्दै आफ्नो कपडा समेत च्याति दिएको उनको दावी छ ।

विपक्षीहरुले आफुलाई नराम्ररी दुर्व्यवहार गरी सामाजिक मानसम्मान, इज्जत प्रतिष्ठा उपर अघात पुऱ्याउनुका साथै साथै आफ्नो राजनीतिक चरित्र नै हत्या गरेको र सामाजिक रुपमा अपमान गरी विभिन्न किसिमको गाली गलौज गरेको उनले बताए । साहको प्रत्यक्ष निर्देशन एवं आदेशमा विपक्षीहरुले अशान्ती मच्चाउदै आपराधिक उपद्रव गरी आफ्नो सामाजिक इज्जत, प्रतिष्ठा मान मर्यादा समेतमा आँच आउने मनसायले विभिन्न किसिमका अपशब्द प्रयोग गरी गाली गलौज गर्नुको साथै हातपात गरेकोले दोषीहरुमाथि कानूनी कारबाही गर्न माग गर्दै आफुले जिल्ला अदालत गौरमा मुद्दा दिएको यादवले बताए ।

# करिब एक सय बालगृह सम्पर्कमा आएनन्



**काठमाडौं / मस-** राष्ट्रिय बाल परिषद्ले बालगृह सञ्चालन अनुमतिपत्र वितरण प्रक्रियामा करिब एक सय बालगृह सम्पर्कमा नआएको जनाएको छ ।

परिषद्का सूचना अधिकारी रामचन्द्र चन्द्रले असार मसान्तसम्म चार सय १७ बालगृह सञ्चालनमा रहेकोमा बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्थाबमोजिम अनुमतिपत्र वितरण प्रक्रियामा करिब एक सय बालगृह सम्पर्कमा नआएको बताए ।

परिषद्ले बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्थाबमोजिम सञ्चालनमा रहेका बालगृहलाई अनुमतिपत्र प्राप्त गर्न योग्य संस्थालाई निवेदन दिन राजपत्रमा सूचना प्रकाशन गरेको थियो ।

विभिन्न गैरसरकारी संस्थाले सञ्चालनमा ल्याएका बालगृह पहिला अनुमति बिना चलाउँदै आए पनि अब कानूनी व्यवस्थाअनुसार अनुमतिपत्र लिएर मात्र सञ्चालन गर्न सकिने परिषद्का सूचना अधिकारी चन्द्रले बताए ।

कानूनी व्यवस्थाअनुसार एक वर्षभित्र अनुमतिपत्र प्राप्त गर्नुपर्ने प्रावधान रहे तापनि पूर्ण अभ्यास हुन नसकेको उनले बताए । अनुमतिपत्र वितरण प्रक्रियामा परिषद्ले मापदण्ड नपुगेका ३९ वटा बालगृह अनुमतिपत्र प्राप्त गर्न अयोग्य ठहराएको छ । अनुमतिपत्र प्रदान गर्नु अगाडि स्थलगत अवलोकन गरी कानूनमा व्यवस्था भएबमोजिम न्यूनतम मापदण्ड पुगेमा मात्र परिषद्ले अनुमतिपत्र प्रदान गर्दै आएको छ । परिषद्का सूचना अधिकारी चन्द्रले असार मसान्तसम्म थप ३६ बालगृह थप भएको जानकारी दिए ।

पहिला बाल परिषद्को अधिकारभित्र समन्वय, सहजीकरण गर्ने रहेकोमा हाल थप कारबाही, खारेज गर्नेसम्मको अधिकार प्राप्त भएको जानकारी दिँदै नयाँ बालगृह पनि सोही मापदण्डअनुसार अनुमतिपत्र प्राप्त गरी सञ्चालन हुने बताए । आव २०७९/८० सम्म परिषद्ले कूल बालगृहमध्ये एक सय २४ बालगृह अनुगमन गरेकोमा दुई बालगृह मापदण्डविपरीतका कारण परिषद्ले बन्द गर्न लगाएको थियो । परिषद्को पछिल्लो तथ्यांकअनुसार हाल नेपालमा ४३ जिल्लामा चार सय १७ बालगृह सञ्चालनका रहेका छन् । ती बालगृहमा १० हजार नौ सय पाँच जना बालबालिकाको संरक्षण र संवर्द्धन हुँदै आएको छ ।

सञ्चालनमा रहेका बालगृहलाई नयाँ कानूनको प्रावधानअनुसार परिषद्को अनुमतिपत्र लिनुपर्ने व्यवस्था रहेको छ । परिषद्ले आवश्यकताअनुसार स्थानीय तहको समन्वयमा बालगृहको मापदण्डअनुरूप सञ्चालनमा रहेका छन् छैन भनी अनुगमन गर्ने गरेको छ ।

हराएका, बेवारिस फेला परेका बालबालिकाको परिवारको खोजी पहिचान गरी परिवारमा पुनर्मिलन गर्ने, जोखिमपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपसार परेका, सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न निःशुल्क टेलिफोन नं '१०४' सञ्चालनमा रहेको र बाल हेल्पलाइन सेवा '१०९८' १८ जिल्लामा विस्तार गरेको छ ।

बाल गृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक मापदण्डमा बालगृहमा बालमैत्री भौतिक पूर्वाधार तथा संरचना हुनुपर्ने, बालगृहमा आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्ने, बालगृह सञ्चालन गर्न आवश्यक हुने आर्थिक स्रोतको व्यवस्था हुनुपर्ने, बालगृहमा बालबालिकाको भर्ना प्रक्रिया, बालबालिकाको भोजन तथा पोषणसम्बन्धी व्यवस्था, बालबालिकाको स्वास्थ्य र सरसफाइमा ध्यान दिनुपर्ने विषय, शिक्षा, तालिम र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नुपर्ने, बालगृहमा बाल क्लब गठन, सञ्चालन र बाल सहभागिताको प्रवर्द्धन गर्नुपर्नेलगायत अन्य मापदण्ड पूरा गर्नेपर्ने व्यवस्था रहेको छ ।

# ६१ किलो सुन प्रकरणः अनुसन्धान प्रतिवेदन तयार

**काठमाडौं / मस-** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले हङकङबाट ल्याइएको झण्डै ६१ किलो सुन तस्करी प्रकरणको रायसहितको अनुसन्धान प्रतिवेदन आज जिल्ला सरकारी वकिल कार्यालयमा बुझाउने भएको छ ।

सरकारी वकिलमा बुझाउने रायसहितको अनुसन्धान प्रतिवेदन लेखन कार्य मंगलबार साँझ सकिएकाले बुधबार बुझाउने तय भएको सिआइबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले बताए ।

आरोपीविरुद्ध संगठित अपराध, सुन चोरी पैठारी र राष्ट्र बैंक ऐनअन्तर्गत कसुरमा मुद्दा चलाउने राय दिने सिआइबीको




तयारी छ । संगठित अपराध कसुरमा म्याद थप गरिएकाले त्यसको अनुसन्धानको मिति ६० दिनको हुन्छ । यही ३१ गते ६० दिन पुग्ने भएकाले सो मितिसम्ममा मुद्दा अदालतमा पुऱ्याइसक्नुपर्ने हुन्छ । त्यसैले सरकारी वकिललाई तीन दिन मिसिल अध्ययनको समय पाउने गरी भोलि प्रतिवेदन बुझाउने मिति तय गरिएको हो ।

उक्त सुन तस्करी प्रकरणमा अहिलेसम्म प्रहरीले ३१ जनालाई पक्राउ गरेकामा स्वास्थ्यका कारण एक जना हिरासत बाहिर रहे पनि ३० जना प्रहरी नियन्त्रणमा छन् । पक्राउ परेकामा भन्सार कार्यालयका कर्मचारीसहित नेपाल, भारत र चिनियाँ नागरिक पनि रहेका छन् । उक्त प्रकरणमा भन्सार एजेन्ट र सुन व्यापारीसमेत मुछिएका छन् ।

गत साउन ३ गते राजस्व अनुसन्धान विभागको टोलीले हङकङबाट ब्रेक शुमा हालेर ल्याइएको उक्त सुन सिनामंगलस्थित भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो ।

विभागले आवश्यक अनुसन्धान सकेपछि १८ दिनपछि सुन प्रकरणको अनुसन्धानको जिम्मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई दिएको थियो । ब्रेक शुसहितको सुन एक सय ५५ किलो भएको पाइए पनि गाल्दा ६० किलो सात सय १६ ग्राम फेला परेको थियो ।

## संविधान...

नेता नेम्वाङप्रति श्रद्धाञ्जली अर्पण गरे ।

संविधानसभा अध्यक्षका रूपमा नेपालको संविधान निर्माणमा नेम्वाङले पुऱ्याएको योगदानको उच्च प्रशंसा भएको छ । उनको आज बिहान निधन भएको हो । नेम्वाङको पार्थिव शरीर भोलि दिउँसोसम्म च्यासलमै राखिनेछ ।

## अपराजित...

आएका थिए । उनी जनआन्दोलन २०६२/६३ सँगै पुनर्स्थापित संसदका सभामुख बनेका थिए । २०६४ र २०७० मा पनि इलामबाट चुनाव जितेर संविधानसभाको अध्यक्ष भएका थिए । चारपल्ट सभामुख बन्दा उनी सधैं सर्वसम्मत भएका थिए ।

गत मंसिर ४ गते भएको चुनावमा इलाम क्षेत्र नम्बर २ बाट चुनाव जिते । उनी पाँचौ पटक चुनाव जितेर अपराजित रुपमा संसदीय यात्रामा निरन्तर रहे । नेम्वाङले यही क्षेत्रबाट विसं २०५६ देखि लगातार चुनाव जित्दै आएका हुन् ।

## पछि...

विद्यालय विधेयकमा निजी विद्यालयलाई गुठीमा लैजाने प्रस्ताव थियो । निजी विद्यालयले विरोध र आन्दोलनको घोषणा गरेपछि सरकार पछि हटेको हो । उक्त प्रावधानलाई सच्याएर मन्त्रिपरिषद्ले १६ भदौमा पुनः स्वीकृत गरेको हो । तयार विधेयक संसदमा दर्ता भएपछि प्रक्रियामा अगाडि बढ्छ ।

## एसईई...

एसएलसी परीक्षा वोर्डको स्थापना भएको थियो । ८३ वर्षसम्म रहेको एसएलसीलाई २०७३ सालमा सरकारले शिक्षा ऐनको आठौं संशोधन गरेर सामान्य संशोधन गरेको थियो ।

विद्यालयको तहगत संरचनालाई परिवर्तन गरेर प्रारम्भिक बालकक्षादेखि ८ लाई आधारभूत तह र ९ देखि १२ लाई माध्यमिक तहको रुपमा निर्धारण गरेको थियो । त्यसपश्चात कक्षा १० को परीक्षालाई माध्यमिक शिक्षा परीक्षा र कक्षा १२ को परीक्षालाई विद्यालय शिक्षाको अन्तिम परीक्षा बनाएको थियो ।

## कामदारको ...

अप्ठ्यारो अवस्थामा वैदेशिक रोजगारीले देशको युवा जनशक्तिलाई रोजगारी सिर्जनाको क्षेत्रमा सहयोग पुयाएको उनको भनाइ छ । मुलुकको भुक्तानी सन्तुलनमा सहयोगलगायत पुँजी, सीप र प्रविधिले नेपालको विकासमा महत्वपूर्ण योगदान गर्नुका साथै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र मित्रतामा समेत सहयोग पुगेको प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

'वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक ठगीमा पर्ने, मानव अधिकारको प्रत्याभूति र समयमै राहत उद्धार हुन नसक्नु र कार्यस्थलमा विभिन्न प्रकारका जोखिममा पर्नुलगायत समस्याको सामना गरिरहेका छन्, यसको सम्बोधन हाम्रो गम्भीर चासोको विषय रहेको छ,' उनले भने ।

नेपालीको हकहित संरक्षण हुने, न्यूनतम सेवा सुविधाको प्रत्याभूति हुने, सामाजिक सुरक्षाको सुनिश्चितता र गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र विकास गर्दै श्रम आप्रवासनलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न श्रम कूटनीतिलाई थप प्रभावकारी बनाउनुपर्ने प्रधानमन्त्री दाहालको भनाइ छ ।

'कुनै पनि नेपाली नागरिक विदेशी भूमिमा समस्यामा परेको बेला कूटनीतिक नियोगले गुनासो सुनुवाइ गरेनन् भन्ने अवस्थाको अन्त्य गर्न यहाँको ध्यान जानेछ । म परराष्ट्र मन्त्रालय, राजदूत र श्रम प्रशासनसँग सम्बद्ध सबै निकायलाई नेपालीको हकहितका लागि गम्भीर भएर क्रियाशील हुन निर्देशित गर्दछु,' उनले भने, 'हामीले एकातिर देशभित्रै आन्तरिक रोजगारीको अवसरमा वृद्धि गर्नुपर्नेछ भने अर्कोतर्फ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्नेछ ।'

व्यापार घाटा नेपालको अर्थतन्त्रको ठूलो चुनौतीका रूपमा रहिआएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले देशगत तथा वस्तुगत व्यापार विविधिकरण गरी व्यापार सन्तुलनलाई मुलुकको पक्षमा कायम गर्नुपर्ने भएकाले त्यसमा सक्रिय भूमिका रहनुपर्नेमा जोड दिए । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई प्रदान गरिने सबै प्रकारका कन्सुलर सेवालाई सूचना प्रविधिमा आधारित बनाउँदै सहज र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न प्रधानमन्त्री दाहालले निर्देशन दिए ।

'वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने कामको शुरुवात भइसकेको छ । यसलाई प्रभावकारी बनाउँदै गन्तव्य मुलुकमासमेत उपलब्ध सामाजिक सुरक्षाका योजनामा श्रमिक आवद्ध हुने व्यवस्था मिलाउन प्रभावकारी भूमिका खेल्नुपर्दछ,' प्रधानमन्त्री दाहालले भने, 'केही समयभित्रै विदेशमा रहेका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सरकारको लक्ष्य रहेकामा उक्त लक्ष्य हासिल गर्न क्रियाशील रहन सम्पूर्ण राजदूतलाई निर्देशित गर्दछु ।'

दुईपक्षीय श्रम सम्झौता पुनरावलोकन र विस्तार, मागपत्रको प्रमाणीकरण, कानूनी प्रतिरक्षा, घरेलु कामदारसँग सम्बन्धित समस्याको सम्बोधन, सुरक्षित आवास, अभिलेख नभएका श्रमिकको अभिलेखीकरणलगायत विषयमा तत्काल कार्ययोजना बनाई काम शुरु गर्न समेत प्रधानमन्त्री दाहालले आग्रह गरे । यस अन्तरक्रियाबाट विदेशमा रहेका नेपाली श्रमिकका समस्या समाधान गर्न, नेपालको कूटनीतिक क्षमतालाई सुदृढ र विस्तार गर्न, देशभित्र विदेशी लगानीको वातावरण सिर्जना गर्न एवम् नेपालको बहुआयमिक विकासमा महत्वपूर्ण योगदान पुग्ने प्रधानमन्त्री दाहालले विश्वास व्यक्त गरे ।

## मलेसिया...

बस्ने २७ वर्षीया तुलसा वाग्ले (अधिकारी) तथा झापाको गौरादह नगरपालिका-७ घर भइ हाल काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-१ सानटारी बस्ने २४ वर्षीय सुजन पुरी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

वाग्लेलाई खिमलाल बढामगरसमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि मलेसिया पठाइदिने भन्दै रकम ठगी गरी फरार रहेको तथा पुरीलाई भूमिराज राईलाई क्यानडा पठाइदिने भन्दै दश लाख पचासी हजार रकम लिई सम्पर्कविहीन भइ ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको हो । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनले जनाएको छ ।

## मलद्वारमा...

हजार नगद दिएर भरियाको रुपमा प्रयोग गर्ने गर्छन । ती भरियाले मलद्वारमा लुकाएर सुन ल्याउँछन् ।

हङकङबाट तस्करी गरेर काठमाडौँ ल्याएको ६० किलो ७ सय १६ ग्राम सुनबारे केन्द्रीय अनुसन्धान ब्यूरोले करिब ३८ दिन अनुसन्धान गरिसकेको छ । राजस्व अनुसन्धान विभागले साउन ३ मा सुन बरामद गरेको थियो । विभागले सुनको अनुसन्धान गर्ने जिम्मेवारी साउन २१ मा सीआईबीलाई दिएको हो ।

सुन बरामद गरेको ५६ दिनपछि केन्द्रीय अनुसन्धान ब्यूरोले संगठित अपराध मुद्दाको अनुसन्धान पूरा गरेर अनुसन्धान प्रतिवेदन बुझाउने तयारी गरेको छ । ब्यूरोले जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाउँछ ।

असार ३० मा हङकङकबाट काठमाडौँ आएको सुन रेडी ट्रेड प्रालि ले मगाएको थियो । सुन प्रकरणमा अहिलेसम्म ३० जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा ७ जना चिनियाँ, ७ जना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका कर्मचारी, भारतीय नागरिक थाप्तेन छिरिङ र बेल्जियन नागरिक दावा छिरिङ छन् ।


## Naumule Rural Municipality
### Office of the Rural Municipal Executive

**Dailekh, Karnali Province, Nepal**

**Invitation for Bids**

**Notice no: 01/080/081**

**(First Date of Publication: 2080/05/27)**

1. ***Naumule Rural Municipalit***y Invites Online bids under e-procurement system from Nepalese eligible badders for the following procurement as shown in the table below under National Competitive Bidding procedures
2. Eligible Bidders may obtain further Information and inspect the Bidding Documents at the office of ***Naumule Rural Municipality*** Dailekh, Mobile no: 9809410155/9841515171 and may visit RMP website www.nowmylemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding documents Is avallable In online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidder should register in the e-GP system and should deposit the o 3000 Nrs of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NMB Bank, Naumule Branch, Dailekh
   Name of Office: Naumule Rural Municipality, Naumule Dailekh
   Office Code no. 80667504
   Rajashow Account no.: 1040071712400074
   Dhaurati Account no.: 1040071712400031
4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.no/egp only on or before 12:00 noon on 2080-06-26.
5. Online bids shall be opened in the presence of Bidders' representatives who choose to attend at ***2p.m on 2080/06/26*** at the office of Naumule Rural Municipality, Dailekh. Bids must be valid for a period of ***3 months*** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of ***us shown in the table below and scannded copy of the bid security in PDF format should be upload in e-GP system during bid Submission,*** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the office happens to be closed on the date of opening of the bids as specified, The bids will be opened on the next working day at the same time and venue.
7. The Employes reserves the right to accept or reject, wholly or partly all the bids without assigning the reason, whatsoever.
8. Bidders are advised to visit site and assess the actual site condition before submitting their bid.
9. Any provisions which are not mentioned in this notice will be consistent with Public Procurement Act(PPA), 2063/Public Procurement Regulations (PPR), 2064 and other prevailing Nepalese laws.

| S.N. | Contract Identification No. | Brief Description of Work/Site | Estimated Amount (Excluding Vat,PS and Contingency) | Bid document amount (Rs) | Bid Security Amount (Rs) |
|---|---|---|---|---|---|
| 1 | NCB/NRM/01/SH(B)/WORKS/O80-081 | Construction of ward no.5 ward office sabha hall (B) | 64,21,296.56 | 3,000 | 1,65,000 |

**Chief Administrative Officer**

# नेपालमा सुर्तीमा मात्रै वर्षेनी एक खर्ब २१ अर्ब खर्च




**काठमाडौं/मस-** सुर्तीजन्य पदार्थको नियन्त्रणमा उद्योगी व्यवसायीको परोक्ष र अपरोक्ष रुपमा हस्तक्षेप तथा प्रभावित पार्ने कार्य जारी नै रहेको पाइएको छ । स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालले गरेको अध्ययनमा नेपालमा सुर्ती उद्योगहरुले नीतिगत तहमा नै प्रभाव पारेकै कारण सुर्तीको कर वृद्धि हुन नसकेको उल्लेख गरिएको छ । विश्वका ८० वटा मुलुकमा गरेको सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेपसम्बन्धि अध्ययन प्रतिवेदन मंगलबार सार्वजनिक गर्दै विज्ञहरुले सुर्तीले जनताको स्वास्थ्य मात्रै बिगार्ने नभइ समग्र सामाजिक, आर्थिक अवस्था बिगार्ने बताए ।

विश्व स्वास्थ्य संगठनका प्रतिनिधि डा.लोनिम प्रसाईले सुर्ती नियन्त्रणमा नेपालको स्थिति खराब हुँदै गएको बताउँदै भने, 'गरिबले सुर्ती र मदिरामा गर्ने खर्च आम्दानीको ५० प्रतिशतभन्दा बढी रहेको पाइएको र उनीहरुले शिक्षा र स्वास्थ्यलाई भन्दा नशालाई प्राथमिकता दिने गरेका कारण यसलाई प्रतिबन्ध नै गरिनुपर्दछ ।'

धुम्रपान गर्ने व्यक्तिका कारण धुम्रपान नगर्ने व्यक्तिहरुलाई पनि उत्तिकै असर गर्ने गरेका कारण सार्वजनिक स्थलहरुमा धुम्रपान निषेध गर्न तीनवटै तहका सरकार लागि पर्नुपर्ने धारणा उनले राखे । वरिष्ठ जनस्वास्थ्यविद् प्रा.डा.शरदराज वन्तले सुर्ती स्वास्थ्यसँग मात्र सम्बन्धित नभइकन बहुआयामिक भएकोले यसले समग्र अर्थतन्त्रमा असर पार्ने स्पष्ट पारे ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले सुर्ती नियन्त्रणको लागि बनेको कानूनको कार्यान्वयनमा महानगरभित्र प्रयास गरिरहेको उल्लेख गर्दै आगामी नगरसभामा होटेल र रेष्टुरेन्टहरुमा व्याप्त हुक्का प्रयोग गरेर युवाहरुलाई कुलतमा फसाइरहेको काममाथि पूर्ण रुपमा प्रतिबन्ध लगाउने नियम पारित गराउने प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. दिपेन्द्र रमण सिंहले सुर्तीमा मात्रै नेपाली जनताले वर्षेनी १ खर्ब २१ अर्ब रुपैयाँ खर्च गर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै ९० लाख जनताले सुर्ती सेवन गर्ने गरेको र सुर्ती सेवनकै कारण थप करोडौं रुपैयाँ स्वास्थ्य उपचारमा खर्च हुने गरेको दृष्टान्त उनले प्रस्तुत गरे ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जालका राष्ट्रिय संयोजक शान्तलाल मुल्मीले सुर्तीजन्य वस्तुको प्रवर्द्धन र उत्पादन बन्देजको नै आवश्यकता भइसकेको अवस्थामा कानून बमोजिम सुर्तीमुक्त सार्वजनिक स्थल नै घोषणा गर्न नसकेको बताए ।

सुर्ती उद्योगको हस्तक्षेप सम्बन्धि अग्रणी अध्ययनकर्ता समेत रहेका वरिष्ठ अभियन्ता मुल्मीले नेपालको कानुनले र सुर्ती नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (एफसीटीसी) गाइड लाइनले पनि कुनै पनि नाममा सुर्तीको प्रचारप्रसार गर्न नपाइने उल्लेख गरे तापनि सुर्ती उद्यमीले चलाखीपूर्ण तवरले आफ्ना ब्राण्डको प्रचार गर्ने, चुरोट सेवन गर्न उत्प्रेरणा दिने, कानुन कार्यान्वयनमा भाँजो हाल्ने काम निरन्तर रुपमा भइरहेको उल्लेख गरे । सुर्ती नियन्त्रणमा उद्योगको हस्तक्षेप सम्बन्धि अध्ययनका अर्का अध्ययनकर्ता पूर्णभक्त दुवालले उद्योगीको प्रभावकै कारणले चुरोट सेवनको नियन्त्रण गर्न प्रहरी प्रशासन फितलो देखिएको पाइएको बताए ।

गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले जनताको स्वास्थ्य अधिकारका लागि नागरिक समाजले निरन्तर दबाब दिइ नै रहेको, तर सरकारले नसुनेको जस्तै गरिरहेको बताए ।

स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण सञ्जाल बागमति प्रदेशका संयोजक रत्नेश्वरी चवालले सुर्तीको कुनै पनि प्रचार प्रसार र प्रवर्द्धन गर्न नहुने कानुनी व्यवस्था हुँदा हुँदै पनि सुर्ती उद्योगले विभिन्न नाममा प्रायोजनमा बजारीकरण गरिरहेको बताउँदै स्थानीय र प्रदेश सरकार पनि सुर्ती नियन्त्रणमा संघीय सरकार जस्तै निकम्मा रहेको आरोप लगाए ।

स्वास्थ्य अधिकारकर्मी रेणु ताम्राकारले सहजीकरण गरेको सो कार्यक्रममा मधेश प्रदेशका संयोजक पार्थोले सरकारले भारतबाट हुने र नेपालबाट हुने गैरकानूनी सुर्ती व्यापारले नेपालको अन्तर्राष्ट्रिय क्षेत्रमा बेइज्जत भइरहेको बताए ।

लुम्बिनी प्रदेश संयोजक पूर्णलाल चुकेले करको नाममा सुर्ती उद्योग खराब होइन भने भ्रम छर्ने काम भइरहेको र विद्युतीय चुरोटहरुले पनि उत्तिकै नागरिकको स्वास्थ्य विगार्ने तथ्य प्रस्तुत गरे । उनले कानून नियम कार्यान्वयन र नियमन गर्ने निकायका जिम्मेवार पदाधिकारीहरुको इच्छा शक्तिमाथि निर्भर हुने उल्लेख गर्दै २०६८ सालमा कानुन कार्यान्वयन हुँदा बाँके जिल्लामा तत्कालीन प्रहरी प्रमुखले सञ्जाललाई ठूलो साथ र प्राथमिकता दिएको स्मरण गराए ।

**राउत क्षत्री सेवा समाज नेपालको १५ औं साधारणसभा तथा सातौं अधिवेशन सम्बन्धि जरुरी सूचना**

बशिष्ठ गोत्रिय राउत बन्धुहरुको केन्द्रीय छाता संस्था राउत क्षत्री सेवा समाज नेपालको नयाँ कार्यसमिति चयन सहितको १५ औं साधारणसभा निम्न मिति, स्थान र समयमा हुँदैछ । उक्त अधिवेशनमा उपस्थितिका लागी स्वदेश तथा विदेशमा रहनुभएका साधारण सदस्य, आजीवन सदस्य तथा सम्पूर्ण दाजुभाई तथा दिदी वहिनीहरुलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम हुने मिति : २०८०/०६/२० गते शनिबार**
**कार्यक्रम हुने स्थान : सुभम रिसेप्सन पार्टी प्यालेस, कालोपुल, काठमाडौं**
**कार्यक्रम हुने समय : बिहान १०:३० बजे**

**विस्तृत जानकारीका लागि सम्पर्क:**
भगवान: ९८५१०९६५९४, हरि: ९८४१२७१६२९८, अस्मिन: ९८५११३५३५९, मेघ: ९८५११६५०९५, गोविन्द: ९८५१०५९३०९, भीम: ९८४१३४९६०५, श्याम: ९८५११४६३९५, इराज: ९८५१०८०६९५

**पुनश्च:** नयाँले आजिवन सदस्य बन्न तथा साधारण सदस्यले नविकरण गर्नुहुन पनि अनुरोध छ ।

# धुलिखेल अस्पतालबाट ६ हजार बढीले लिए सेवा

**सन्देश लामिछाने/मध्यान्ह**
पर्वत, २६ भदौ



पर्वतको धुलिखेल अस्पतालले फलेवास स्वास्थ्य केन्द्र खानीगाउँमा पहिलो पटक डिजिटल एक्स-रे सेवा शुरु गरिएको छ । जर्मन रोटरी भोलुन्टिअर्स डाक्टरस धुलिखेल अस्पताल र फलेवास नगरपालिकाको संयुक्त आर्थिक सहयोगमा इन्स्टलेसन तथा नियमित डिजिटल एक्स-रे सेवा सञ्चालनमा आएसँगै पछिल्लो समय बिरामीहरूको चाप बढ्न थालेको छ ।

धुलिखेल अस्पतालले २४ सैं घण्टा आपतकालिन सेवा, सामान्य चिरफार, पलास्टर, घाउ सिलाउने, एक्स-रे सेवा, ल्याव सेवा, युएसजी सेवा, भिडियो एक्स-रे सेवा, बिरामी भर्ना तथा उपचार, दन्त स्वास्थ्य सेवा र एम्बुलेन्स सेवा लगायत जनस्वास्थ्यको बारेमा समुदाय र स्कुलहरूमा सरूवा रोग तथा नसर्ने दिर्घ रोगको रोकथाम तथा निधनको निम्ति सचेतना कार्यक्रम समय-समयमा गर्दै आएको छ भने ट्राफिक प्रहरीसँग मिलेर मासिक, स्वास्थ्य जाँच तथा सडक दुर्घटनाको सचेतना कार्य फलेवासका विभिन्न ठाउँमा गरिरहेको छ । यस अस्पताल राम्रो सेवाले सेवाग्राहीको विश्वास जित्दै आएको छ । हाल अस्पतालमा मेडिकल अफिसर डा. सुदीप गौतम, एच.ए नरेश रोकाया, सीएमए विष्णुप्रसाद पौडेल, प्रयोगशाला सहायक साजन पोखरेल, एएनएम गीता थापा, सहयोगी गोविन्द प्रसाद रेग्मी र एम्बुलेन्स चालक किशोरराज रेग्मी रहेका छन् ।

धुलिखेल अस्पताल २०७८-२०७९ को तथ्यांक अनुसार कुल ६ हजार जना बिरामीहरूमध्ये पुरूष ३ हजार ५ सय जना र महिला २ हजार ५ सय जनाले सेवा लिएका छन् ।

सरूवा रोगहरूमा ९ सय ५३ जना, संक्रमक रोगहरूमा १ हजार पाँच जना, नसर्ने दिर्घ रोगहरूमा १ हजार १ सय जना, हाडजोर्नी तथा चोटपटक मा १ हजार ३ सय ७५ जना, छाला समस्याहरूमा ३ सय २७ जना, दन्त सेवा मा १ सय ३१ जना, नाक, कान घाँटीमा ५ सय ३३ जना र महिला रोगहरूमा १ हजार १ सय ९ जना रहेको देखिन्छ भने दैनिक २० देखि ३० जनाले बिरामीले सेवा लिएका छन् भने १ वर्षको अवधिमा रिफर भएका जटिल केसहरू मध्य हृदयघात ६ वटा, स्वासप्रश्वास, निमोनिया जटिल आइसीयू चाहिने १० वटा, हाडजोर्नी अपरेशन गर्नुपर्ने ६१ वटा, बच्चाको विशेष परामर्श चाहिने १ सय वटा, महिला रोग, जटिल खालका सुगर प्रेसर संक्रामक रोग १ सय वटा र अन्य विशेष सेवा लिन जाने ६५ ओटा रहेको देखिन्छ । अन्य सेवाहरू भने धुलिखेल अस्पतालमा नै सफल भएका छन् । थप इन्स्टलेसन तथा नियमित डिजिटल एक्स रे सेवा सञ्चालनमा आएपछि दैनिक १५ देखि ४५ जना बिरामी आउने गरेका छन् ।

**मेलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भेडपु, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**प्रकाशित मितिः- २०८०/०५/२७**

यस कार्यालयको मिति २०८०/०४/२१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्याद भित्र रीतपूर्वक दर्ताहुन आएका बोलपत्रहरु मूल्यांकन समितिले मूल्यांकन गरि निम्न बोलपत्रहरु न्युनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतिको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा (२७) उपदफा (२) को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract ID | Name of Project | Substantially Responsive Lowest Evaluated bidders | Bid Amount (Inclusive VAT & PS) NRs. |
|---|---|---|---|---|
| 1 | MRM-R-01-W-NCB-2080/81 | Karkale-Satyashwor-Paiti Sadak Yojana, Melung 1 | Blue Bird Nirmansewa, Sindhuli | 12,301,620.73 |
| 2 | MRM-R-02-W-NCB-2080/81 | Kalleri-kalkale-pipaldanda Sadak Yojana, Melung 2 | Sabitridevi Nirman Sewa Pvt. Ltd, Nayabasti-6,Kathmandu | 12,071,147.49 |
| 3 | MRM-R-03-W-NCB-2080/81 | Pipaldanda woda karyalaya dandagaun loktantrik sadak starunnati, Melung 2 | Dev and Sons Construction, Bhimeshwor -12, Dolakha | 2,145,133.69 |
| 4 | MRM-R-04-W-NCB-2080/81 | Khundruke Laxmi Ma. Vi. Bhanjyang Sadak, Melung-3. | Yungdung Construction Pvt. Ltd, Baiteshwor-02, Dolakha | 5,851,717.20 |

**Chief Administrative Officer**

**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**
**श्री पूर्वी पृतना ई.एम.ई. गण, ईटहरी व्यारेक, सुनसरी**

**विद्युतिय बोलपत्र (e–Gp) आव्हानको सूचना**

**सूचना नं.०१-०८०/८१**
**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२७ गते ।**

१. चालु आ.ब. २०८०/८१ मा यस ई.एम.ई. गणको लागि आवश्यक पर्ने विभिन्न सवारी साधनहरुको Spare Parts तथा Consumable Item हरुको आपुर्ति गर्न नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनी/सप्लायर्सको लागि e–Gp System को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ । साथै, विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यको वेवसाईट http//www.bolpatra.gov.np/egp हेर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | बोलपत्र रकम (मु.अ. कर सहित) | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत (ने.रु.) | मान्य हुने अवधि | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| विभिन्न सावरी साधनहरुको Spare parts तथा Consumable Item हरु खरिद | ३९,००,०००।०० | ३,०००।०० | १,०१,४००।०० | १२० दिन | २०८०/०६/२६ गतेको १२:०० बजे | २०८०/०६/२६ गतेको १३:०० बजे श्री पूर्वी पृतना ई.एम.ई. गण, ईटहरी व्यारेक, सुनसरी । |

२. थप जानकारीको लागि फोन नं. ०२५-५८०६७७ तथा ईमेल ठेगानाः div–east–eme@nepalarmy.mil.np मा सम्पर्क राख्न सकिने र बोलपत्र www.bolpatra.gov.np/egp सिस्टम मार्फत विड गर्नुपर्ने छ ।

३. राजश्व दाखिलाको लागि कार्यालय कोड नं. 345011404, कार्यालय श्री पूर्वी पृतना ई.एम.ई. गण र राजश्व खाता नं. १०००१००२०००१०००० राष्ट्रिय वाणिज्य बैंक, राजश्व शिर्षक नं. १४२२९ मा दाखिला गर्नुपर्ने छ ।

४. बोलपत्र जमानत दाखिलाको लागि कार्यालय कोड नं. 345011404, धरौटी खाना नं. २२२०१००१०२०३०००० खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का., ईनरुवा, सुनसरी धरौटी खाता ।

**टेम्केमैयुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अन्नपूर्ण, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०५/२७**

यस गाउँपालिका कार्यालयको लागि आवश्यक सवारी साधन (Motorbike) ५ (पाँच) थान सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) तथा टेम्केमैयुङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०८० को नियम ३४ बमोजिम क्याटलग सपिङ्ग बिधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले दश (१०) दिनभित्र नविकरण भएको इजाजतपत्र, आयकर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रहरु र आ.ब. २०७८/७९ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपिसमेत राखी उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) राखी शिलबन्दी प्रस्ताव यस कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन । प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकरी गराइन्छ । थप जानकारीका लागि यस कार्यलयको Website: tyamkemaiyummun.gov.np हेर्न हुन वा यस कार्यालयको आन्तरिक नियन्त्रण तथा जिन्सी शाखामा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com
२७ भदौ २०८०, बुधबार
13 September 2023, Wednesday

सम्पादकीय

## नेम्वाङबाट लिनुपर्ने प्रेरणा

**संविधानसभाका अध्यक्ष एवम् पूर्वसभामुख सुवासचन्द्र नेम्वाङको निधनबाट राजनीतिक वृत्त स्तब्ध बनेको छ । हृदयघातबाट मंगलबार बिहान निधन भएका नेम्वाङलाई सरकारले राजकीय सम्मान दिदै एकदिन शोक विदा दिने निर्णय गरेको छ । नेम्वाङको अन्त्येष्टि गरिने बिहीबार सरकारले शोक विदा दिएको हो । पार्टी उपाध्यक्ष नेम्वाङको निधनमा नेकपा एमालेले तीन दिन आधा झण्डा झुकाउने निर्णय गरेको छ । नेताहरूले नेम्वाङलाई गुमाउदा सर्वस्वीकार्य नेता गुमाउनु परेको टिप्पणी गरेका छन् । विशेषगरी संविधान निर्माणमा नेम्वाङले खेलेको भूमिकालाई लिएर उच्च श्रद्धा प्रकट गरेका छन् । नेम्वाङ दुवैपटक बनेको संविधानसभाका अध्यक्ष थिए भने चारपटक सभामुखको भूमिकामा रहे ।**

**पहिलो र दोस्रो संविधानसभासहित चारैपटक सभामुख बन्दा नेम्वाङ निर्विरोध भएका थिए । सत्ता केन्द्रीत राजनीति चलिरहँदा चारपटक निर्विरोध सभामुख चयन हुनु सामान्यतयाः कल्पनाबाहिरको विषय हो । अझ सात दशक लामो राजनीतिक संघर्षको जगमा बनेको संविधानसभाको नेतृत्व आफैमा महत्वपूर्ण थियो । त्यसमा एमालेको नेताका हैसियतमा निर्विरोध हुनुले नेम्वाङ चासोमा परे । कतिसम्म भने सभामुख भनेकै सुवास नेम्वाङ जस्तो बन्न पुगेका थिए । नेताहरूले त्यस्तो परिस्थिति निर्माणको पछाडि सुवास नेम्वाङको व्यक्तित्व कारण रहेको बताउँछन् । हुनपनि संविधान निर्माण गर्न दलहरूबीच चानचुने सहमतिले पुग्ने थिएन । संविधानका अन्तर्वस्तुहरूमा दलहरूका आ–आफ्नै अडान थिए । तर दलहरूबीच सहमति जुटाउन नेम्वाङ उपयुक्त पात्र रहेको नेताहरूको बुझाइकै कारण उनी बारम्बार निर्विरोध अध्यक्ष भए ।**

**सरल स्वभावका नेम्वाङकै शैलीको मद्दतमा मुलुकले ऐतिहासिक संविधानसभाबाट संविधान पायो । त्यो संविधानप्रति असहमतिहरू अहिले पनि छन् । तर मुलुकले निकास पाएको त्यो संविधान निर्माणको क्रममा नेम्वाङले खेलेको भूमिकाकै कारण सरकारले शोकविदा दिनेदेखि राजकीय सम्मान नेम्वाङलाई मिलेको छ । अझ मुलुकले दीर्घकालसम्म नेम्वाङको सम्झना गर्नेछ । तर अहिले मुलुक भन्दा पनि नेताको स्वार्थ प्रेरित जस्तो राजनीतिक खिचातानी चलिरहेको छ, त्यस्तो बेला नेम्वाङको अभाव पक्कै खड्किनेछ । अर्थात् मुलुक र नेपाली राजनीतिले अपुरणीय क्षति बेहोरेको छ । त्यस्तो बेला नेताहरूले नेम्वाङबाट प्रेरणा लिएर मुलुकलाई निकास दिने र राष्ट्रिय हितमा जस्तासुकै अडानबीच सहमति खोज्न आवश्यक छ । सुवास नेम्वाङप्रति श्रद्धाञ्जली !**

# वैकल्पिक शक्ति निर्माणको औचित्य

अग्रलेख



● लोकनारायण सुवेदी

बदलिँदो विश्वसँगै नेपाल पनि बदलिँदै गएको छ । यहाँ राजनीतिक प्रयोग र परिवर्तनका एकपछि अर्को श्रृंखलाहरु देखा परिरहेका छन् । तर, आम नेपाली जनसमुदायका विभिन्न तह र तप्काको अवस्था, आधार र आवश्यकतालाई मध्यनजर गरेर हेर्ने र नेपाली समाजको चरित्र, चिन्तन र व्यवहारलाई वस्तुगत आधारमा गम्भीररूपमा केलाउने हो भने अहिले पनि त्यो परिवर्तनले गुणात्मक फड्को मार्न सकेको छैन । नयाँ वस्तुगत अवस्था सिर्जना गर्न सकेको स्थिति छैन ।

नेपाली समाजको चरित्र अहिले पनि संरचनात्मकरूपमा मूलतः पुरातन नै छ । पछिल्लो सबैभन्दा उच्च परिवर्तन भनिएको अर्थात् नेपालबाट राजतन्त्रको अन्त्यपछि पनि नेपाली समाजमा उठेका अन्तरविरोध र उत्पन्न भएका विभिन्न तह र तप्काका समस्या र मागलाई हेर्ने र विश्लेषण गर्ने हो भने अवस्था उस्तै देखिन्छ । हाम्रो देश अहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक तथा नवऔपनिवेशी स्थितिकै परिधिभित्र रुमल्लिएको छ । तथापी, यो वास्तविकतालाई कतिपयले अस्वीकार गर्दछन् । 'अर्धसामन्ती' र 'अर्ध या नवऔपनिवेशिक' भन्नेहरुलाई 'जडसुत्रवादी'को कल्की भिराउने गर्दछन् । वस्तुगत अवस्थालाई हेर्दा, नेपाली समाज मात्रात्मक परिवर्तनको चरणबाट गुणात्मक किसिमले अघि बढ्ने आधार र अधिरचना तयार भइसकेको छैन । त्यसो नहुञ्जेल मनोगतरूपमा चाहेर पनि अगाडि बढ्न सक्ने अवस्था विकसित हुँदैन । त्यसैले नयाँ नेपाल वा नयाँ शक्तिको उदयको खोजी गर्दा यी महत्वपूर्ण कुराहरुलाई मूलभूतरूपमा हेर्नु र विश्लेषण गरेर निष्कर्ष निकाल्नु पर्ने हुन्छ । केवल सतही र बाह्य प्रभावलाई मात्र हेर्ने र व्याख्या गर्ने गरियो भने नेपाली समाजको आजको वस्तुगत तथा आधारभूत यथार्थलाई अर्थ्याउन र यसले लिनपर्ने सही दिशालाई पहिल्याउन सकिन्न ।



सत्ताको केन्द्रबाट यतिबेला अनिवार्चित र वंश परम्परागत राजतन्त्र विस्थापित भएको छ । नेपाली समाज र अर्थ-राजनीतिक अग्रगामी परिवर्तनको निमित्त बाधक भएर सत्ताको उपरी ढाँचामा सक्रिय र कृयाशील त्यो राजतन्त्रलाई फाल्नकै लागि पनि नेपाली जनताले २००७ साल, २०४६ साल र २०६३ सालमा ठूलो जनआन्दोलनको सृष्टि गर्नुपर्‍यो । ठूलो बलिदान र संघर्षको बिचबाट नेपाली जनता अगाडि बढ्नु पर्‍यो । अहिले पनि त्यही राजतन्त्रको ध्वंशावशेषको बीचमा नेपाली समाज लड्खडाइरहेको छ । राष्ट्रिय आत्मनिर्भरताका साथ सम्मानपूर्ण अन्तरनिर्भरताको सार्थक मूलबाटो पक्रिने आधार अझै प्रष्टरूपमा बनिसकेको छैन । त्यसका प्रारूपहरु बन्ने अनि बनाउने क्रमकै बीचबाट नेपाली समाज गुज्रिरहेको छ । हामीले अहिले बनाएको संविधानमा नेपाली जनताको संर्घषले ल्याएका परिवर्तनको जुन उपलब्धीहरुलाई संस्थागत गरिएको या गर्न खोजिएको छ र त्यसलाई नयाँ नेपालको संज्ञा दिन खोजिएको छ, त्यसले पनि हामी सामाजिक परिवर्तनको कुन चरणमा रहेछौ भन्ने कुरा स्पष्ट पार्दछ ।

आज सूचना-प्रविधिको विकासले विश्वलाई अभूतपूर्वरूपमा परिवर्तन गरिदिएको छ । सारा संसारभर एक क्लीकमा सूचना प्रवाह गर्ने र हुन सक्ने आश्चर्यलाग्दो स्थिति सिर्जना गरिदिएको छ । यसले हिजोको सामाजिक संरचना र सम्बन्धलाई पनि निकै ठूलो धक्का दिएको छ र परिवर्तनको तीब्रतालाई अघि बढाउने बाटो बनाइदिएको छ । यति हुँदाहुँदै पनि नेपाली समाजको चरित्र आधारभूतरूपमा अहिले पनि पुरानै छ । राष्ट्रिय स्वाधीनता, जनतन्त्र, जनजीविकासम्बन्धि हाम्रा राष्ट्रिय आन्दोलनका मागहरुले पनि वर्तमान स्थिति र जानुपर्ने बाटोका बारेमा धेरै महत्वपूर्ण विषयहरुमाथि प्रकाश पार्दछन् ।

आज पनि नेपाली समाजमा कृषि र किसानका समस्याहरु, जातीय, क्षेत्रीय र लैङ्गिक समस्याहरु उस्तै छन् । जनसंख्याको बृद्धि, स्रोत साधनको समायोचित परिचालन र दीगो विकासको अभावमा ठूलो जनशक्ति रोजगारीको निमित्त विदेशीन बाध्य छ । यूवा जनशक्तिले पठाएको रेमिट्यान्स(विप्रेषणले) नै मुलुकको बजेट धानिएको कुरा राज्य सञ्चालकहरुले नै सगर्व स्वीकार गरिरहेकै छन् । पिछडिएको हाम्रो अर्थतन्त्रकै कारणले योजनाबद्ध विकासको ६७ वर्ष पारगरीसक्दा पनि हामी विश्वकै सबैभन्दा गरीब मुलुकमध्येमा पर्छौं । आज पनि हामीबीच विकासशील चरणमा कसरी पुग्ने भन्ने सतही र किताबी विचार बिमर्श चलिरहेको छ । हाम्रो विकासको मूल मुद्दा के हो भन्ने कुरा नै अहिले पनि स्पष्ट छैन ।

*नेपाली समाजको चरित्र अहिले पनि संरचनात्मकरुपमा मूलतः पुरातन नै छ । राजतन्त्रको अन्त्यपछि पनि नेपाली समाजमा उठेका अन्तरविरोध र उत्पन्न भएका विभिन्न तह र तप्काका समस्या र मागलाई हेर्ने र विश्लेषण गर्ने हो भने अवस्था उस्तै देखिन्छ । हाम्रो देश अहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक तथा नवऔपनिवेशी स्थितिकै परिधिभित्र रुमल्लिएको छ ।*

मूलतः कृषि अर्थतन्त्रमा आधारित हाम्रो अर्थतन्त्र परनिर्भर खालको छ । कृषि क्षेत्रले देशको राष्ट्रिय श्रमको ६५ प्रतिशत खपत गर्दछ तर, राष्ट्रिय आम्दानीमा ३० प्रतिशत मात्र योगदान गर्दछ । यही स्थितिलाई विश्लेषण गर्दै ज्ञाताहरु राष्ट्रिय आम्दानीको ६७ प्रतिशत भाग ५ प्रतिशत मुट्ठीभरको भागमा जान्छ र बाँकी ९५ प्रतिशत जनताले ३३ प्रतिशत आम्दानीमा भरपर्नु परिरहेको औल्याइरहेका छन् । यसले नै हाम्रो अवस्थाको असली तस्बीर के हो भन्ने दर्शाउँछ ।

प्रष्ट छ, जबसम्म वैज्ञानिक क्रान्तिकारी भूमिसुधार गरेर प्रति इकाई जमिनबाट अधिकतम् उत्पादन लिने किसिमले जमिनमा उन्नत तरिकाले खेतीपाती गर्ने र उत्पादन बढाउने समुचित व्यवस्था गरिन्न, किसानको क्रय शक्तिलाई अभिबृद्धि गर्ने र त्यसले निरन्तरता पाउने समुचित प्रबन्ध हुँदैन, तबसम्म देशमा राष्ट्रिय औद्योगिकरण गरिने र रोजगारी सिर्जना हुने आधारभूत परिवेशको बिलकुलै पनि निर्माण हुँदैन । यसको लागि जुन विद्यूत ऊर्जाको अधिकतम आवश्यकता हुन्छ र त्यसको आपूर्ति गर्ने ठोस आधार तयार गरिनु सर्वोपरी आवश्यकता छ । विद्यूत ऊर्जा बिना आजको हाम्रो कृषि, उद्योग, बन्द-व्यापार, पर्यटन, स्वास्थ्य, शिक्षा, खोज अनुसन्धान, वन, वातावरण, सामाजिक क्षेत्र आदि कुनै क्षेत्रको पनि समुचित, दीगो र निरन्तर विकासको परिकल्पनासम्म गर्न सकिँदैन । हाम्रो विकासको सन्दर्भमा सुलभ, सस्तो, टिकाउ र भरपर्दो ऊर्जा यस सम्बन्धमा जल स्रोत नै हो । विकासलाई प्रकृति-मैत्री, वातावरण-मैत्री र जन-मैत्री बनाउने मूल आधार पनि यही हो ।

चुलिँदो व्यापार घाटा, भयंकर प्रतिकूल भुक्तान सन्तुलन र थपिँदो ऋणमाथि ऋणको भारको अवस्थाले हाम्रो परनिर्भरतालाई बढाएको मात्रै छैन, देशमा दलाल पुँजीवादी प्रवृत्ति र पद्धतिले पराश्रित पुँजीवादलाई बढ्दो प्रश्रय र मलजल दिएको छ । सर्वत्र दलाली, भू-माफिया, जल-माफिया, सर्बत्र कमिशनखोरी जे-जे चलिरहेको छ र अजङ्गका जुन अपूर्व भ्रष्टाचारहरु भइरहेका छन्, ती सबैले यही दलाल पुँजीवादी चरित्रलाई मूर्तरूपमा अभिव्यक्त गर्दछन् । यसरी हामी हाम्रा हरेक विकास परियोजनाहरुमा एक किसिमको 'भतुवा पुँजीवाद'को बिचलनकारी प्रवृत्तिको नराम्ररी शिकार भइरहेका छौं । संसदवादी शक्तिहरुले यसै स्थितिलाई नेपालमा पुँजीवादको विकास भइसकेको र अब 'समाजवादी' क्रान्तिको बाटो लाग्ने हो भनेर जनतालाई मनको लड्डु घीउसित खुवाउने बौद्धिक बिलास पनि गर्न थालेका र उनीहरुलाई अल्मल्याउने थप उपक्रम चलाएका छन् । यो वास्तवमा जनतालाई निरन्तर अल्मल्याउने र यथास्थितिमा सत्ता चलाइरहने खेलोभन्दा अरु होइन ।

राष्ट्रिय बेथितिको अवस्थालाई चिर्ने एक मात्र अस्त्र नयाँ वैकल्पिक शक्ति हुनसक्छ । तर, कसैको लहडी स्वैर कल्पनाका आधारमा यस्तो शक्ति बन्ने र समाज फेरिन सक्ने विषय भने हुनसक्दैन । यसर्थ, नेपाली समाजको अग्रगामी आर्थिक-सामाजिक रूपान्तरणको मूलबाटो लाग्ने हो भने नेपाली जनता र राष्ट्रको व्यापक हितमा नेपाली स्रोत साधनको प्रयोग गर्दै भ्रष्टाचाररहीत किसिमले राष्ट्रको पक्षमा काम गर्ने वातावरण बन्नुपर्छ । यसो नगरीकन जतिसुकै राम्रा कुरा फलाके जस्तो गरे पनि त्यसले कुनै तात्विक फरक ल्याउन सक्दैन ।

निष्कर्षमा भन्ने हो भने मुलुक एकपछि अर्को बेथितिमा फसिरहेको छ । एकातिर बाह्य हस्तक्षेप देखिने गरी हुन थालेको छ भने अर्कोतिर आन्तरिकरुपमा परिवर्तनविरोधी शक्तिहरु सलबलाउन थालेका छन् । परिस्थितिलाई मूल्यांकन गर्दा, नेपाल र नेपाली जनताको अस्तित्वमाथि नै गम्भीर प्रश्न चिन्ह खडा हुने अवस्था बन्दै गएको छ । यस्तो अवस्थामा वैकल्पिक, राजनीति, अर्थतन्त्र, सामाजिक तथा साँस्कृतिक संरचनाको प्रष्ट र ठोस मार्गचित्रका साथ देश र जनताप्रति इमानदार तथा प्रतिबद्धताका साथ अग्रसर र भ्रष्टाचारमुक्त भएर अघि बढ्न सकेमा मात्र नयाँ शक्तिको निर्माण भएर जान्छ ।

अहिलेको आवश्यकता जनहितकारी, प्रकृतिमैत्री र भ्रष्टाचाररहीत अनि तलैबाट जनतालाई उठाउने, जगाउने र अगाडि बढाउने विकास अबको एक मात्र मूलबाटो हो । यसका निमित्त अग्रगामी, उन्नत र जनमुखी दृष्टिकोण, विचार, नीति कार्यक्रम र तदनुरूपकमा मूर्त र व्यवहारिक कदमहरुको ज्वलन्त आवश्यकता पर्दछ । बनाउन खोजिएको वैकल्पिक शक्तिले यस दिशातर्फ आफूलाई लैजान सकोस् । शुभकामना !

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

केही वर्ष पहिलेको एकजना कांग्रेसका नेता/सांसदसँगको कुराकानी सम्झेँ । "०४८ सालको सत्तासीन कांग्रेस नराम्ररी चुक्यो, संसदीय अभ्यास सिक्दै गरेका बामपन्थी झन् उग्र थिए तर, एमाले सांसद सुवासचन्द्र नेम्वाङ्ग भने कांग्रेसलाई समेत संसदीय अभ्यास सिकाउँथे ।" राष्ट्रले सुवासचन्द्र नेम्वाङ्गलाई बिर्सने छैन ।



**- गोविन्दराज पोखरेल**

कति निरीह, प्रदेशको नाममा झगडा तर, न उत्तर, न दक्षिणमा चुच्चे नक्सा स्वीकार्य ! के होला संविधान जसमा नक्सा छ, हामी नालायकहरु मन्त्रालय फुटाएर मन्त्री, ३६ हजार १०७ निर्वाचितलाई मासिक भत्ता, टोलटोलमा सटर खालि, हरेक दिन एक गरिखानेले देह त्याग्दै, हाम्रा सन्तान सबै विदेश, ए लाज त मानौ कम्तिमा ।



**- सेतेमान तामाङ**

हाम्रो राजनीति व्यवस्था वा शासन व्यवस्था वा देशको अवस्थाले देश निर्माणको गति नलिएको होइन । उही नेतृत्वले राजनीति दायित्व, शासन व्यवस्थाप्रतिको जिम्मेवारीता, देशको भौगोलिक अवस्था र विभिन्न समुदायहरुको सामाजिक, सांस्कृतिक भावना, आस्थाको बारेमा बुझ्न नखोज्नु नै देशको अवस्था दरिद्र बनाउनु हो ।



**- निर्मल प्रसाइँ**

घण्टी वैकल्पिक दल भन्थ्यो, विजयको अबिर नमेटिँदै पुरानो दलको पिठ्यूँमा चढेर उपप्रधानमन्त्री बन्यो । घण्टी भ्रष्टाचारविरुद्ध लड्छौं भन्थ्यो, मन्त्री पद बन्न तीन करोड माग्यो । थोरै नैतिकता छ भने ढाकाकुमार श्रेष्ठको आरोप खण्डन गरोस् ।

# सार्वजनिक यातायातको सपना

टिप्पणी



● बिदुर दाहाल

*सहरी क्षेत्रमा एक ठाउँबाट अर्को ठाउँमा पुग्न घण्टौ लाग्छ, त्यो पनि सहज छैन । धेरैको बाध्यता हो, निजी सवारी साधन । सार्वजनिक सवारी साधन सहज हुन्थ्यो त सबैले मन फुकाएर सार्वजनिक यातायात प्रयोग गर्थे । तर अवस्था त्यस्तो छैन । तथापी, सार्वजनिक सवारी साधनलाई प्राथमिकतामा दिएर नीति नबनाइ सुख पनि छैन ।*

काठमाडौं उपत्यका नेपालको एक मात्र होइन, विश्वकै भीडभाडयुक्त सहर हो । हरेक दिन ४० लाखभन्दा बढी मानिस र झण्डै त्यसको आधा सवारी साधन चलायमान हुन्छन् । अस्तव्यस्त सडक र जामले हरेक मानिसको जीवन प्रभावित हुन्छ । ट्राफिक साक्षरताको ज्ञान कमैलाई छ । भएकाले पनि पालना गर्दैनन् । हरेक दिन ट्राफिक नियमको पालना नगर्दा सडक दुर्घटनामा धेरैको ज्यान जाने गर्दछ । साना सवारी साधन (मोटरसाइकल चालक) सबैभन्दा बढी जोखिममा देखिन्छन् ।

सहरी क्षेत्रमा एक ठाउँबाट अर्को ठाउँमा पुग्न घण्टौ लाग्छ । त्यो पनि सहज छैन । निजी सवारी साधन हुनेलाई पनि वार्षिक करको भार र पार्किङ्ग सुबिधा नहुँदा बेथ्थामा गाडी किनेछु भन्ने हुन्छ । धेरैको बाध्यता हो, निजी सवारी साधन । सार्वजनिक सवारी साधन सहज हुन्थ्यो त धेरैले मन फुकाएर सार्वजनिक यातायात प्रयोग गर्थे । धेरैका पहुँचमा भएको मोटरसाइकलले सवारी साधनको आधा हिस्सा ओगट्छ । तर, ज्यादै जोखिम छ ।

आज एकातिर, निजी सवारी साधन हुनु सामाजिक प्रतिष्ठाको विषय बनेको छ भने अर्कातिर, सार्वजनिक सवारी साधन प्रयोग कष्टदायक छ । यसले समय बर्बाद गर्दछ । काठमाडौं उपत्यका धेरै काम भ्याउनु पर्नेहरुका लागि सार्वजनिक सवारी कामै छैन ।

द्रुत गतिका ट्रेन र मोनोरेलको सपना नेताहरुले देखाएको धेरै भयो । हाम्रो पुस्ताले प्रयोग गर्न पाउला वा नपाउला भन्न सकिन्न । यो खर्चिलो रेलको कुरा गर्नुभन्दा अहिले नै सम्भव हुने ठूला र दुई तले सवारी साधनको द्रुत सेवा पाउन पाए, भाग्य हुन्थ्यो । भएकै सडकलाई सुधार गरी ठूला सवारी साधन प्रोत्साहन गरे एउटा चमत्कार हुन्थ्यो ।

**कसरी हुन सक्छ सार्वजनिक यातायातमा सुधार ?**

- बस बिसौनीको संख्या धेरै छ । जसलाई घटाउनु पर्छ ।
- ट्राफिक नियमको पूर्णपालना गराउनु पर्छ ।
- बस बिसौनी बाहेक अरु ठाउँबाट चढ्न र ओर्लन निरुत्साहित गरिनु पर्छ । त्यो दण्डनीय बनाइनुपर्छ ।
- पैदल यात्री तथा सार्वजनिक सवारी प्रयोगकर्तामा ट्राफिक ज्ञान हुनुपर्छ । ट्राफिक सचेतना बढाउनुपर्छ ।
- ठूला सिट क्षमताका सवारी साधनलाई प्रोत्साहन र साना भाडाका गाडीलाई निरुत्साहन गर्नुपर्छ ।
- द्रुत सेवा दिने सवारी साधनले यात्री कुरेर बस्ने प्रणालीलाई निरुत्साहन गर्नुपर्छ ।

उल्लेखित बुँदाहरु पालना गर्न सकेमात्र सार्वजनिक यातायात सुधार हुनेछ । त्यसो भएमा आम मानिसले सहजता महसुस गर्न सक्ने थिए । सार्वजनिक सवारी सहज हुनासाथ ऋण पनि गरेर मोटरसाइकल र अन्य साना सवारी साधन किन्नेहरु कम हुन्थे । यसले अन्ततः राष्ट्रिय अर्थतन्त्रलाई पनि बलियो नै बनाउनेछ । यतातिर सरकारको ध्यान जाला त ?

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शत्रु परास्त हुनेछन् । सुखद समाचार प्राप्त हुनेछ । |
| वृष | : | प्रियजनसँग भेट हुनेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन । |
| मिथुन | : | आत्मविश्वास राख्नुहोला । अर्काको कारण विवादमा परिने योग छ । |
| कर्कट | : | जिद्दी स्वभावले गर्दा काम बिग्रिन सक्छ । तथापी, यात्रा सफल हुनेछ । |
| सिंह | : | वैवाहिक कार्यमा सफलता मिल्नेछ । आम्दानीमा वृद्धि हुनेछ । |
| कन्या | : | दैनिक सबै कार्यमा सफलता मिल्नेछ । आनन्दित रहने योग छ । |
| तुला | : | अनावश्यक हाँसी मजाक गर्नु हुँदैन । व्यापारिक प्रगति राम्रो हुनेछ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| धनु | : | उन्नतिको मार्ग प्रशस्त हुनेछ । कर्मचारीहरुमाथि नजर राख्नुपर्छ । |
| मकर | : | सम्मानमा वृद्धि हुनेछ । आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । |
| कुम्भ | : | मांगलिक कार्य सफल हुनेछ । समय शुभ छ । |
| मीन | : | स्वास्थ्य राम्रो रहनेछ । साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# १६ दिनपछि बेपत्ता मेजर पण्डितको शव डोल्पाको करवगाडमा फेला



**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २६ भदौ

डोल्पाको नन्दबक्स ब्यारेकमा कार्यरत मेजरको शव फेला परेको छ। विगत १६ दिनदेखि बेपत्ता ३८ वर्षीय मेजर विमल पण्डितको शव मंगलबार बिहान करवगाडस्थित भेरी नदीमा फेला परेको हो।

काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका डाछि घर भइ हाल डोल्पामा कार्यरत मेजर पण्डित सदरमुकाम दुनैबाट सम्पर्कविहीन भएका थिए। बेपत्ता भएको १६ दिनपछि भेरीमा शव फेला परेको डोल्पाका प्रमुख जिल्ला अधिकारी भूमिश्वर पोखरेलले जानकारी दिए।

इलाका प्रहरी कार्यालय करवगाडको टोलीले करवगाडस्थित भेरीमा तैरिरहेको अवस्थामा शव फेला परेको थियो। भेरीमा पानीको बहाव बढी भएका कारण केही समय शव मेजर पण्डितको नै हो भन्ने पुष्टि गर्न निकै कठिन भएको र केही समयपछि जिल्ला प्रहरी कार्यालयको टोली त्यहाँ पुगेर शव भेरी नदीबाट उतारेर हातमा लगाएको घडी र सुनको औंठीबाट शव पहिचान गरिएको त्रिपुराकोट प्रहरी चौकीका इन्चार्ज रुद्र बहादुर शाहीले जानकारी दिए।

